# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ चौमाला, कैलाली , असार ९ गते बुधबार , २०७८ साल, (संख्या ३)


भाग -३

## कन्टिनजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावना : नगरपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानको साथै नगरपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी प्राप्त हुने कन्टिन्जेन्सी रकमलाई व्यवस्थीत, प्रभावकारी, उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनिय भएकोले, स्थानीय तहको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधीको नाम कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भएको मितीदेखी प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

(क) नगरपालिका :भन्नाले गौरीगङ्गा नगरपालिका कैलाली सम्झनु पर्दछ ।

(ख) योजना : नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजनाहरुलाई सम्झनु पर्दछ ।

(ग) प्राविधिक : भन्नाले नगरपालिकामा कार्यरत ईन्जिनियर, प्राविधिक सहायक पाँचौ, प्राविधिक सहायक चौंथो लाई सम्झनु पर्दछ ।

गौरीगंगा राजपत्र

**३. उदेश्य :** कन्टिन्जेन्सी रकम व्यस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुको मुख्य उद्धेश्य नम्नानुसार छन्:

(क) कन्टिन्जेन्सी वापतको रकम दफा ४ बमोजिका क्षेत्रहरुमा पारदर्शी र मितव्ययिरुपाले खर्च गर्ने,

(ग) कन्टिन्जेन्सीको आय व्यायको अभिलेख पारदर्शी तथा यथार्तपरक राख्ने ।

**४. कन्टिन्जेन्सी रकमको व्यवस्था:** नगरपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टिन्जेन्सी बापतको कट्टा गरी हुन आउने रकमलाई एकिकृत गरी दफा ४ मा उल्लेख भए

बमोजिमको शीर्षकहरुमा खर्च गर्न सकिनेछ ।

**५. खर्च गर्न सकिने क्षेत्रहरु :** योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकम देहायको शर्षिकहरुमा खर्च गर्न सकिनेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षणमा लाग्ने यातायात तथा  ठेक्का मुल्याङ्कन संग सम्बन्धित बैठक भत्ता र खाना खाजा खर्च,

(ख) प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापन,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक योजना तथा कार्यक्रमहरु,

(ङ) लेखापरिक्षण सम्बन्धी खर्च,

(च) योजनासँग सम्बन्धीत प्रशासनीक खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण/तालिम/गोष्ठी संचालन,

(ज) कर्मचारीलाई आवश्यक साना सवारी साधन गरिद,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको अध्ययन तथा अवलोकन भ्रमण,

(ञ) नगरपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र ।

**६. कन्टिन्जेन्सी रकमको खर्च प्रकृति :** योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्य प्रशासनिक ( चालुमा अधिकतम ५५ र पुजीगतमा अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

**७. कन्टिन्जेन्सी रकम एकिकृत तथा खर्च प्रणाली :** नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको शुरुमानै एकिकृत रुपमा हिसाब गरी सो को लागत राखिने छ । तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँगै खर्च गरिने व्यवस्था मिलाईने छ ।

**८. व्याख्या तथा संशोधन :** आवश्यकताका आधारमा कार्यपालिकाले यस कार्यविधिको व्याख्या र संशोधन गर्न सक्नेछ ।

गौरीगंगा राजपत्र

**९. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१०. यसै कार्यविधि बमोजिम भए गरेको मानिने :** यो कार्यविधि स्वीकृत हुनु पुर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेको क्रियाकलापहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

आज्ञाले
खगेन्द्र राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

गौरीगंगा राजप